# पातारासी गाउँपालिकामा बृहत सार्वजनिक सुनुवाई सम्पन्न

मिति २०७५ साल चैत्र ४ गतेका दिन पातारासी गाउँपालिका र जिल्ला प्रहरी कार्यालय जुम्लाको संयुक्त आयोजनामा विकास, सुरक्षा र मदिरा नियन्त्रण सम्बन्धी जनतालाई जनचेतना जगाउनुको साथै यस पातारासी गाउँपालिकामा भए गरेका विकास योजनाहरु र यिनीहरुले जनतामा पारेको प्रभाव बारे जानकारी दिनुका साथै स्थानीय तहमा सुरक्षाको स्थिति के कस्तो छ र यस अवस्थामा कसरी सुधार ल्याउन सकिन्छ भन्ने जस्ता विषयमा बृहत रुपमा सरोकारवालाहरुका बिच बृहत छलफल गर्ने उद्देश्यका साथ उक्त कार्यक्रमको आयोजना गरिएको थियो। जनताको जिउ धनको सुरक्षा गर्नु सरकारको कर्तव्य हो । नेपालको संविधान २०७२ ले पनि सुरक्षाको हकको सु:निश्चितता गरेको छ । सोही बमोजिम हाल स्थानीय सकारले पनि भूमिका निर्वाह गर्नुपर्ने र जिल्ला प्रहरी कार्यालयले पनि सुरक्षाको व्यवस्था मिलाउनु पर्ने भएकाले प्रत्यक्ष जनताको जनमत बुझि अगाडि बढ्नका लागि कार्यक्रम उपयोगि हुने लक्ष्यका साथ कार्यक्रमको आयोजना गरिएको थियो ।

उक्त कार्यक्रमको पातारासी गाउँपालिकाका अध्यक्ष श्री लछिमन बोहोरा ज्यूको अध्यक्षता र प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बन्जाडे ज्यूको आथित्यमा सम्पन्न भएको थियो । उक्त कार्यक्रम पातारासी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री टेक बहादुर बुढ्थापा ज्यूले सहजकर्ताको रुपमा भूमिका निर्वाह गर्न भएको थियो । उक्त अवसरमा कार्यक्रमको उद्देश्य माथी जिल्ला प्रहरी कार्यालयका प्रमुख ज्यूले प्रशास पार्नु भएको थियो । उक्त कार्यक्रममा सर्वसाधारण तथा राजनीति दलका प्रतिनिधिहरु र समाजसेवी तथा बुद्धिजिवीहरुको उपस्थिति रहेको थियो र उहाँहरु सबैले यस गाउँपालिकाले सञ्चालन गरेका विकास योजनाहरु र सुरक्षा स्थितिबारे प्रश्नहरु राखेका थिए उक्त प्रशन्हरुको जवाफदिदै गाउँपालिकाका अध्यक्ष श्री लछिमन बोहोरा ज्यूले आफ्नो उद्देश्य स्वच्छ, सुन्दर र समृद्ध पातारासी रहेको र यसका लागि आफू लागिरहेको तर विभिन्न किसिमका समस्याहरु देखिएका र ती समस्याहरुलाई हल गर्दै जाने र प्रश्नकर्ताहरुको सूझावलाई पृष्ठपोषणको रुपमा गह्रण गरेर आगामी दिनहरुमा अँझै सुधार गर्दै जवाफदेही र पारदर्शि रुपमा सबैसँग छलफल र समन्वयका आधारमा अगाडी बढ्ने प्रतिवद्धता व्याक्त गर्नु भएको थियो भने प्रमुख जिल्ला अधिकारी बन्जाडे ज्यूले यहाँको भौगोलिक सुन्दरता र संभावनाहरुले प्रचुरमात्रमा यहाँका जनताको जीवनस्तर उकास्न सक्ने भएकाले यहाँको कृषि र पर्यटनलाई जोड दिनु पर्ने र यसका लागि आफू साथ र सहयोग गर्न सदैव तयार रहेको कुरा बताउनु भएको थियो । उहाँ थप्नु भएको यहाँका मानिसहरुले धेरै आर्थिक लाभ जडिबुटिबाट प्राप्त गर्ने गरेको भएतापनि धेरै जसो रकम मदिरा र खाद्यन खरिदमा खर्च गर्ने गरेकोमा मदिरा नियन्त्रण र कृषि उपजमा जोड दिन सके राम्रो हुने बताउनु भएको थियो । उक्त अवसरमा यहाँको शिक्षा क्षेत्र पनि अलि पछाडि परेको वा पारिएको भएकाले त्यसका लागि गाउँपालिका र सबैले शिक्षामा जोड दिन सकेमा जनताको चेतना स्तरवृद्धि हुने र यहाँका महिला तथा बालबालिकाहरु पनि राम्रो सरकारी सेवामा पग्न सक्ने र यो आफुबाट पनि यहाँका सबैले सिक्न बताउनु भएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख ज्यूले मदारी सेवन गरि झैझकडा गर्ने र होहल्ला गर्ने जो कोहीलाई पनि कानुन बमोजिम कार्वाहि हुने बताउनु भयो । उहाँले भन्नु भयो केहि दिन यता यहाँ चोरिडकैटिका घटना बढेको कुरालाई जिप्रका जुम्लाले गम्बिर रुपमा लिएको र यसका लागि आफुले सक्ने सहयोग यतैबाट गर्ने र थप सुरक्षा र डिल्लीचौर प्रहरी चौकीलाई इलाका प्रहरी चौकी बनाउनका लागि माथी लेखि पठाएको र यसका लागि पनि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो र यसका लागि यहाँका जनप्रतिनिधी तथा जनताहरुले पनि लाग्नु पर्ने कुरा उल्ले गर्नु भयो ।

समग्रमा कार्यक्रम फलदायक र उपलब्धी पूर्ण रहयो भने छउपडी प्रथा उन्मूलन सम्बन्धि सबै जनप्रतिनिधी, बुद्धिजिवि, साधारण र सरोकारवालाहरुले समूही प्रतिवद्धता जाहेर गर्नु भएको थियो ।